20 July, 2025

मुख्य समाचार

- भोलिदेखि संसदको मनसुन सत्र शुरु हुँदै, दुवै सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न आज सर्वदलीय बैठक बस्यो
- प्रधानमन्त्री मोदी २३ तारिकदेखि ब्रिटेन र माल्दिभ्सको भ्रमणमा
- मलेरिया रोगको रोकथामका लागि भारतले स्वदेशी खोप विकास गर्दै
- अहमदाबाद विमान दुर्घटनाको जाँचका क्रममा भारतमा नै ब्ल्याक बक्स डिकोड गरिएको नायडुले बताउनुभयो
- हिमाचल प्रदेशमा प्राकृतिक प्रकोपको आवृत्ति र तीव्रतालाई ध्यानमा राख्दै केन्द्रीय दल गठन
- पोर्चुगल स्पोर्ट्स मिटमा भारतका मुरली श्रीशंकरलाई लङ जम्पको उपाधि, अनि
- हंगेरीमा भइरहेको कुस्ती प्रतियोगितामा भारतलाई तीन स्वर्ण पदक

<u>मनसुन सत्र</u>

भोलिदेखि संसदको मनसुन सत्र शुरु हुँदैछ। मनसुन सत्रमा संसदका दुवै सदनको कामकाज सुचारु रूपमा सञ्चालन गर्न सरकारले आज नयाँ दिल्लीमा सर्वदलीय बैठक आयोजना गऱ्यो। बैठकमा विभिन्न राजनीतिक दलका नेताहरू उपस्थित हुनुहुन्थ्यो। केन्द्रीय मन्त्री तथा राज्यसभामा सदनका नेता जगत प्रकाश नड्डाले बैठकको अध्यक्षता गर्नुभएको थियो, जसमा संसदीय मामिला मन्त्री किरण रिजिजु, संसदीय मामिला राज्यमन्त्री अर्जुन राम मेघवाल र डा. एल मुरुगन पनि उपस्थित हुनुहुन्थ्यो।

बैठकमा कंग्रेसबाट गौरव गोगोई र प्रमोद तिवारी, राष्ट्रवादी कंग्रेस पार्टी-शरद पवार गुटबाट सुप्रिया सुले, द्रमुकबाट टीआर बालु र तिरुची शिवा, समाजवादी पार्टीबाट राम गोपाल यादव र आम आदमी पार्टीबाट संजय सिंह उपस्थित हुनुहुन्थ्यो।

मनसुन सत्र भोलिदेखि शुरु भएर 21 अगस्तसम्म चल्नेछ। सत्रको क्रममा दुवै सदनमा कुल २१ बैठकहरू हुनेछन्। सार्वजनिक ट्रस्ट संशोधन विधेयक, राष्ट्रिय खेलकुद प्रशासन विधेयकसहित धेरै महत्त्वपूर्ण विधेयकहरू सदनमा छलफलको लागि राखिने सम्भावना छ।

सर्वदलीय बैठकपछि संसदीय मामिला मन्त्री किरेन रिजिजुले बैठक धेरै रचनात्मक भएको बताउनुभयो। उहाँले भन्नुभयो,  सदनका नेताहरूले सत्रको समयमा उठाउन चाहेका मुद्दाहरूमाथि आ-आफ्ना दलका

विचारहरू राख्नुभएको छ। उहाँले भन्नुभयो,  सरकारले विपक्षीलाई दुवै सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न अनुरोध गरेको छ। उहाँले  सत्तारुढ दल र विपक्षी दुवैले राम्रो समन्वयमा मिलेर काम गर्नुपर्छ भन्नुभयो ।

## प्रधानमन्त्री -ब्रिटेन माल्दिभ्स यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदी यस महिनाको २३ देखि २६ तारिखसम्म ब्रिटेन र माल्दिभ्सको भ्रमणमा रहनुहुनेछ। ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरको निमन्त्रणामा श्री मोदी जुलाई २३ देखि २४ सम्म ब्रिटेनमा रहनुहुनेछ। प्रधानमन्त्री मोदीको यो ब्रिटेनको चौथोपल्ट यात्रा हुनेछ। यस अवधिमा, उहाँहरूले भारत-ब्रिटेन सम्बन्धका सबै पक्षहरूमा व्यापक छलफल गर्नुहुनेछ। दुवै नेताले क्षेत्रीय र वैश्विक महत्वका मुद्दाहरूमा पनि छलफल गर्नुहुनेछ।

श्री मोदीले महाराज चार्ल्स-तृतीयलाई पनि भेट्न सक्नुहुन्छ। दुवै पक्षले व्यापार र अर्थतन्त्र, प्रविधि र नवाचार, सुरक्षा, जलवायु, स्वास्थ्य, शिक्षा र दुई देशका जनता बीचको सम्बन्धमा ध्यान केन्द्रित गर्नेछन्। प्रधानमन्त्री मोदी यस महिनाको २५ तारिखदेखि माल्दिभ्सको दुई दिने भ्रमणमा रहनुहुनेछ। यो प्रधानमन्त्रीको माल्दिभ्सको तेस्रो भ्रमण हुनेछ। माल्दिभ्सको स्वतन्त्रताको ६० औं वार्षिकोत्सव समारोहमा श्री मोदी प्रमुख अतिथि हुनुहुनेछ। यस क्रममा उहाँले माल्दिभ्सका राष्ट्रपतिसँग पारस्परिक हितका मुद्दाहरूमा छलफल गर्नुहुनेछ। दुवै नेताले 'व्यापक आर्थिक र समुद्री सुरक्षा साझेदारी' को लागि भारत-माल्दिभ्स संयुक्त दृष्टिकोणको कार्यान्वयनमा भएको प्रगतिको पनि समीक्षा गर्नुहुनेछ।

## मलेरिया खोप

भारतले मलेरिया रोगको रोकथामका लागि एडफाल्सी भ्याक्स नामक स्वदेशी खोप विकास गरिरहेको छ। यो खोपले लामखुट्टेको संक्रमणबाट सुरक्षा प्रदान गर्नेछ र यसलाई अन्य मानिसहरूमा फैलिनबाट रोक्नेछ। यो विशेष गरी मलेरियाको लागि जिम्मेवार दुई सबैभन्दा घातक परजीवीहरूको उपचार गर्न विकसित गरिएको हो। यो खोप भारतीय आयुर्विज्ञान अनुसन्धान परिषदले राष्ट्रीय प्रतिरक्षा विज्ञान संस्थानको जैव प्रविधि विभागसँगको सहकार्यमा विकास गरिरहेको छ।

## नायडू- विमान दुर्घटना

केन्द्रीय नागरिक उड्डयन मन्त्री राममोहन नायडू किन्जरापुले अहमदाबाद विमान दुर्घटनाको सम्बन्धमा विमान दुर्घटना अनुसन्धान ब्यूरोको प्रारम्भिक रिपोर्टको आधारमा कुनै पनि निष्कर्षमा पुग्नु मूर्खतापूर्ण हुने बताउनु भएको छ। अन्तिम रिपोर्ट नआएसम्म कुनै पनि टिप्पणी गर्नु राम्रो अभ्यास नभएको उहाँले

बताउनुभयो। गाजियाबादको हिन्डन सिभिल टर्मिनलबाट दस नयाँ व्यावसायिक उडानहरूको उद्धाटन गर्दै केन्द्रीय मन्त्रीले पश्चिमी मिडियाको आलोचना गर्दै भन्नुभयो, उनीहरूले प्रकाशित गरिरहेका लेखहरूमा उनीहरूको निहित स्वार्थ हुन सक्छ। उहाँले भारतमा नै ब्ल्याक बक्स डिकोड गरिएकोमा AAIB को प्रशंसा गर्नुभयो।

केन्द्रीय मन्त्रीले आजदेखि हिन्डन टर्मिनलबाट देशका दश प्रमुख शहरहरूमा सिधा हवाई सेवा सुरु भएको बताउनु भयो। यसमा बेंगलुरु, कोलकाता, वाराणसी, इन्दौर, चेन्नई, अहमदाबाद, पटना, गोवा र मुम्बई समावेश छन्।

<u>गृहमन्त्री-हिमाचल प्रदेश</u>

गृहमन्त्री अमित शाहले हिमाचल प्रदेशमा प्राकृतिक प्रकोपको आवृत्ति र तीव्रतालाई ध्यानमा राख्दै बहु-क्षेत्रीय केन्द्रीय दल गठन गर्न निर्देशन दिनुभएको छ। केन्द्रीय दलमा राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरण र केन्द्रीय भवन अनुसन्धान संस्थान, रुडकी, भारतीय उष्णकटिबंधीय मौसम विज्ञान संस्थान, पुणे र भारतीय प्रविधि संस्थान, इन्दौरका भूगर्भविद्हरू समावेश हुनेछन्। गृह मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, यस वर्षको दक्षिणपश्चिम मनसुनमा हिमाचल प्रदेशमा बाढी र पहिरोका घटनाहरूलाई ध्यानमा राख्दै, केन्द्र सरकारले पहिले नै घटनास्थलमा क्षतिको प्रत्यक्ष मूल्याङ्कन गर्न अन्तर-मन्त्रालय केन्द्रीय दल नियुक्त गरिसकेको छ।

<u>साउदी नरेश- निधन</u>

साउदी अरबका नरेश अल-वलीद-बिन-खालिद-बिन-तलाल-अल साउदको निधन भएको छ। उहाँ ३६ वर्षका हुनुहुन्थ्यो। अल वालीद बिन खालिदलाई सन् २००५ मा १५ वर्षको उमेरमा लन्डनमा भएको कार दुर्घटनापछि ब्रेन हेमरेज भएको थियो र उहाँ लगभग बीस वर्षसम्म कोमामा हुनुहुन्थ्यो। अल वालीद साउदी नरेश खालिद बिन तलालका जेठा छोरा हुनुहुन्थ्यो र स्लिपिङ प्रिन्सको रूपमा चिनिनुहुन्थ्यो।

<u>लङ जम्प उपाधि</u>

पोर्चुगल स्पोर्ट्स मिटमा, भारतका मुरली श्रीशंकरले लङ जम्पको उपाधि जितेका छन्। एसियाली खेलकुदका रजत पदक विजेता मुरलीले हिजो ७ दशमलव ७५ मिटर लामो जम्प मारे। यो प्रतियोगिता विश्व एथलेटिक्स कन्टिनेन्टल टुरको अंश रहेको छ।

## महिला क्रिकेट

गए राति लन्डनको लड्र्समा भएको दोस्रो महिला एकदिवसीय क्रिकेट खेलमा इङ्ल्यान्डले भारतलाई ८ विकेटले पराजित गऱ्यो। यससँगै तीन खेलको शृङ्खला १-१ को बराबरीमा पुगेको छ। तेस्रो तथा अन्तिम खेल मंगलबार चेस्टर-ले-स्ट्रिटमा खेलिनेछ।

## कुस्ती

हंगेरीको बुडापेस्टमा भइरहेको पोल्याक इमरे वर्गा जानोस मेमोरियल कुस्ती प्रतियोगितामा भारतीय महिला खेलाडीहरूको वर्चस्व कायमै छ। हिजो भारतीय महिलाले एक रजत र एक कांस्य पदक जिते। प्रिया मलिकले ७६ किलो तौल समूहमा रजत र एसियाली च्याम्पियन मनीषाले कांस्य पदक जितिन्। यससँगै भारतले प्रतियोगितामा आठ पदक जितिसकेको छ। यसमा तीन स्वर्ण, दुई रजत र तीन कांस्य पदक समावेश छन्।

## मुख्य समाचार फेरि एकपल्ट

- भोलिदेखि संसदको मनसुन सत्र शुरु हुँदै, दुवै सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न आज सर्वदलीय बैठक बस्यो
- प्रधानमन्त्री मोदी २३ तारिकदेखि ब्रिटेन र माल्दिभ्सको भ्रमणमा
- मलेरिया रोगको रोकथामका लागि भारतले स्वदेशी खोप विकास गर्दै
- अहमदाबाद विमान दुर्घटनाको जाँचका क्रममा भारतमा नै ब्ल्याक बक्स डिकोड गरिएको नायडुले बताउनुभयो
- हिमाचल प्रदेशमा प्राकृतिक प्रकोपको आवृत्ति र तीव्रतालाई ध्यानमा राख्दै केन्द्रीय दल गठन
- पोर्चुगल स्पोर्ट्स मिटमा भारतका मुरली श्रीशंकरलाई लङ जम्पको उपाधि, अनि
- हंगेरीमा भइरहेको कुस्ती प्रतियोगितामा भारतलाई तीन स्वर्ण पदक